# आशा लघुवित्त वित्तीय संस्था लि.
# Asha Laghubitta Bittiya Sanstha Ltd.

(नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको वित्तीय संस्था)

केन्द्रीय कार्यालय, ककनी-६, नुवाकोट, नेपाल,
फोन न : ०१०-६३०००४, फ्याक्स न: ०१०-६३०००५
इमेल : ashamicrofinance@gmail.com,
वेब साइट : www.ashamicrofinance.com.np


## Unaudited Financial Results (Quarterly)

**At the quarter ended Chaitra, 2077**

Rs. In '000'

| S.N. | Particulars | This Quarter Ending | Previous Quarter Ending | Corresponding Previous Year Quarter Ending |
|---|---|---|---|---|
| **1** | **Total Capital & Liabilities (1.1 to 1.7)** | **3,857,207.37** | **3,435,590.99** | **2,554,653.02** |
| 1.1 | Paid-up Capital | 267,131.20 | 267,131.20 | 232,288.00 |
| 1.2 | Reserves and Surplus | 153,533.23 | 116,502.03 | 64,918.67 |
| 1.3 | Debenture and Bond | | | |
| 1.4 | Borrowings | 2,112,307.77 | 1,867,793.75 | 1,400,045.89 |
| 1.5 | **Deposits** | **1,193,947.16** | **1,077,012.56** | **730,003.83** |
| 1.6 | Income Tax Liabilities | 46,587.91 | 30,838.75 | 12,440.00 |
| 1.7 | Other Liabilities | 83,700.11 | 76,312.70 | 114,956.63 |
| **2** | **Total Assets (2.1 to 2.7)** | **3,857,207.37** | **3,435,590.99** | **2,554,653.02** |
| 2.1 | Cash & Bank Balance | 18,079.69 | 17,851.98 | 14,258.08 |
| 2.2 | Money at call and short Notice | 72,223.60 | 123,235.64 | 181,870.17 |
| 2.3 | Investments | | | |
| 2.4 | Loans & Advances | **3,638,985.00** | **3,205,491.52** | **2,264,717.75** |
| 2.5 | Fixed Assets | 14,682.72 | 15,325.07 | 17,787.81 |
| 2.6 | Non Banking Assets | | | |
| 2.7 | Other Assets | 113,236.37 | 73,686.78 | 76,019.21 |
| **3** | **Profit and Loss Account** | | | |
| 3.1 | Interest income | 320,711.07 | 201,391.06 | 252,457.96 |
| 3.2 | Interest Expense | 130,866.70 | 84,552.39 | 146,043.87 |
| **A** | **Net Interest Income (3.1-3.2)** | **189,844.37** | **116,838.66** | **106,414.10** |
| 3.3 | Fees Commission and Discount | 3,062.40 | 1,616.83 | 1,346.79 |
| 3.4 | Other Operating Income | 72,926.72 | 50,423.50 | 47,045.99 |
| 3.5 | Foreign Exchange Gain/Loss (Net) | | | |
| **B** | **Total Operating Income (A+3.3+3.4+3.5)** | **265,833.49** | **168,879.00** | **154,806.88** |
| 3.6 | Staff Expenses | 74,131.16 | 44,642.27 | 63,041.42 |
| 3.7 | Other Operating Expenses | 34,197.55 | 21,857.40 | 29,549.39 |
| **C** | **Operating profit Before Provision (B-3.6-3.7)** | **157,504.78** | **102,379.33** | **62,216.06** |
| 3.8 | Provision for Possible Loss | 2,320.99 | 11,379.22 | 69,452.98 |
| **D** | **Operating profit (C-3.8)** | **155,183.79** | **91,000.11** | **(7,236.91)** |
| 3.9 | Non Operating Income/Expenses (Net) | 249.83 | 213.58 | 292.77 |
| 3.10 | Write Back of Provision for Possible Loss | 14,034.30 | 19,924.03 | 53,018.24 |
| **E** | **Profit From Regular Activities (D+3.9+3.10)** | **169,467.92** | **111,137.72** | **46,074.09** |
| 3.11 | Extraordinary Income/Expenses (Net) | | | |
| **F** | **Profit Before Bonus and Taxes (E+3.11)** | **169,467.92** | **111,137.72** | **46,074.09** |
| 3.12 | Provision For Staff Bonus | 16,946.79 | 11,113.77 | 4,607.41 |
| 3.13 | Provision For Tax | 45,756.34 | 30,007.18 | 12,440.00 |
| **G** | **Net Profit/Loss (F-3.12 -3.13)** | **106,764.79** | **70,016.76** | **29,026.67** |
| **4** | **Ratios** | | | |
| 4.1 | Capital Fund to RWA | 10.57% | 10.80% | 11.52% |
| 4.2 | Non Performing Loan (NPL) to Total Loan | 3.15% | 4.98% | 4.46% |
| 4.3 | Total Loan Loss Provision to total NPL | 35.58% | 27.41% | 43.17% |
| 4.4 | Cost of Funds | 6.26% | 6.39% | 10.82% |
| 4.5 | CD Ratio (Calculated as per NRB Directives) | 232.07% | 226.95% | 230.74% |

**Note: If the statutory audit and supervisory authority notify any remarks to change, unaudited financial statement will be changed accordingly.**

| Interest Rate | |
|---|---|
| **1. Deposits:** 2% - 13.5% | **2. Loan & Advance:** 14.89%-15% |

## धितोपत्रदर्ता तथा निष्काशन नियमावली, २०७३ को अनुसूची १४ को नियम २६ को उपनियम (१) संग सम्बन्धित

## आर्थिक वर्ष २०७७/०७८ को तेस्रो त्रैमासिक प्रतिवेदन

**१. वित्तीय विवरण :**

क) त्रैमासिक अवधिको वासलात, नाफा/नोक्सान सम्वन्धी विवरण यसै साथ प्रकाशित गरिएको छ।

ख) प्रमुख वित्तीय अनुपातहरु:

| प्रति शेयर आम्दानी (वार्षिक) | मुल्य आम्दानी अनुपात | प्रति शेयर नेटवर्थ | प्रति शेयर कुल सम्पत्तिको मुल्य | तरलता अनुपात |
|---|---|---|---|---|
| ५३.२९ | ३२.४६ | १५७.४७ | १४४३.९४ | ८.९८% |

**२. व्यवस्थापकीय विश्लेषण :**

**क) त्रैमासिक अवधिमा संस्थाको मौज्दात, आम्दानी र तरलतामा कुनै परिवर्तन भए सोको प्रमुख कारण सम्बन्धी विवरण :** कोभिड-१९ को प्रभावको बावजुत संस्थाको समिक्षा अवधिमा कारोबारको वृद्धि सँगै मौज्दात, आम्दानी र तरलतामा सन्तोषजनक वृद्धि भएको छ।

**ख) आगामी अवधिको व्यवसायिक योजना सम्बन्धमा व्यवस्थापनको विश्लेषणात्मक विवरण :** राष्ट्रिय स्तरको यस वित्तीय संस्थाले स्थापनाको सुरु देखिनै वित्तीय पहुँच अभिवृद्धि गराई न्यून आय भएका तथा पिछडिएका महिलाहरुलाई स्वरोजगार वनाउने उद्देश्यले लघुवित्त सेवा प्रदान गरिरहेको छ। हाल संस्थाले ५५ वटा शाखा कार्यालय मार्फत् देशका ७ वटै प्रदेशमा २९ जिल्ला भित्र ६२ हजार भन्दा बढी विपन्न घर परिवारमा लघुवित्त सेवा प्रदान गरिरहेको छ। संस्थाले नविनतम् प्रविधिहरुको प्रयोग गरी छिटो छरितो र विश्वसनीय एवं दिगो सेवा प्रदान गर्दै कार्यक्रम विस्तारमा अग्रसर रहेको छ। संस्थाले कृषि, पशुपालन, सेवा व्यवसाय तथा लघु उद्यम जस्ता व्यवसायहरु सञ्चालनको लागि विशेष गरी महिलाहरुलाई केन्द्रित गरी विभिन्न किसिमको नि:शुल्क सिपमुलक तालिम प्रदान गरी सवल, सरल तथा उत्तरदायी लघुवित्त सेवा उपलब्ध गराउँदै आएको छ। समय सापेक्ष सदस्यको चाहना अनुसार सेवा तथा सुविधाहरुमा परिमार्जन गर्दै सदस्यहरुलाई गुणस्तरीय लघुवित्तीय सेवा प्रदान गर्ने लक्ष्य लिईएको छ।

**ग) विगतको अनुभवबाट संगठित संस्थाको मौज्दात, नाफा वा नगद प्रवाहमा असर पर्नसक्ने घटना आदि भएमा सो सम्बन्धी विश्लेषणात्मक विवरण :** वर्तमान अवस्थामा बैंकहरुले कर्जामा लिने व्याजदरको उतार चढाव कायमै रहेको, लघुवित्त संस्थाहरुमा देखिएको अस्वस्थ प्रतिस्पर्धा, कर्जा लगानीमा निर्धारण भएको व्याजदरको सीमा आदि जस्ता कारणहरुले संस्थालाई केही असर पर्न गए पनि संस्थाले तय गरेको नीति नियमका कारण जोखिमलाई कम गर्न सकिएको छ।

**३. कानूनी कारवाही सम्बन्धी विवरण :**

क) यस त्रैमासमा यस संस्थाले वा संस्थाको विरुद्ध कुनै मुद्धा दायर भएको छैन।

ख) यस संस्थाको संस्थापक वा सञ्चालकले वा संस्थापक वा सञ्चालकको विरुद्ध प्रचलित नियमको अवज्ञा वा फौजदारी अपराध गरेको सम्वन्धमा कुनै मुद्धा दायर गरेको वा भएको कुनै जानकारी प्राप्त भएको छैन।

ग) कुनै संस्थापक वा सञ्चालक विरुद्ध आर्थिक अपराध गरेको सम्वन्धमा कुनै मुद्धा दायर गरेको वा भएको कुनै जानकारी प्राप्त भएको छैन।

**४. संगठित संस्थाको शेयर कारोबार सम्बन्धी विश्लेषण :**

क) शेयर कारोवार धितोपत्र बोर्डबाट निर्देशित रहने हुँदा यस संस्थाको शेयर कारोवार दोस्रो वजारमा सकारात्मक रहेको छ। लगानीकर्ताको यस संस्थाप्रतिको विश्वास बढ्ने क्रममा रहेको हुँदा संस्थाको व्यावसायिक अभिवृद्धि सँगै कारोवार मुल्य धनात्मक रुपमा बढ्दै गईरहेको र भविष्यमा बढ्ने अपेक्षा गरिएको छ।

ख) नेपाल स्टक एक्सचेन्जको वेभसाईट अनुसार मिति २०७७/१०/०१ देखि २०७७/१२/३१ सम्मको अवधिमा यस संस्थाको शेयर कारोवार निम्न विवरण अनुसार भएको देखिन्छ।

| अधिकतम मुल्य | न्युनतम मुल्य | अन्तिम मुल्य | कारोबार दिन | कारोबार संख्या | कारोबार रकम | कारोबार कित्ता | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १८०८ | १२८० | १७३० | ५९ | ९,९८६ | ९०६,६५८,१६२ | ५९६,११३ | |

**५. समस्या तथा चुनौती :**

क) हाल नयाँ लघुवित्त वित्तीय संस्थाहरुको स्थापना वन्द भईसकेको भएता पनि हाल संचालनमा रहिरहेका लघुवित्त वित्तीय संस्थाहरुको संख्या नै धेरै भएको हुँदा लघुवित्त बजारमा सदस्यहरुको दोहोरोपना भएको र अस्वस्थ प्रतिस्पर्धा समेत कायम रहिरहेको अवस्था रहेको छ। यसको अलावा बैंक तथा वित्तीय संस्थाहरुले कर्जामा लिने व्याजदरमा उतार चढाव हुनु र पून: कोभिड-१९ को दोस्रो लहरको प्रभाववाट पर्न सक्ने असरवाट कार्यक्रमलाई सञ्चालन गर्न अझै चुनौती रहेको छ।

**६. संस्थागत सुशासन :**

संस्थागत सुशासनका लागि यस वित्तीय संस्था सदैव प्रतिवद्ध रहेको छ। सञ्चालक समितिका काम कारवाहीहरु तथा संस्थाको अन्य सवै क्रियाकलापहरु पारदर्शी रुपमा सञ्चालन गरी संस्थागत सुशासनको विकास गर्न एवम् सो को अनुभूती गराउन संस्था सदैव क्रियाशील छ।

क) यस वित्तीय संस्थाको सञ्चालक समिति तथा व्यवस्थापन, शेयरधनीहरु लगायत सम्पूर्ण सरोकारवालाहरुको हित संरक्षण तथा प्रवर्धन गर्न सदैव प्रतिवद्ध रहेको छ। कम्पनी ऐन २०६३, बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन २०७३, नेपाल राष्ट्र बैंक ऐन २०५८, धितोपत्र ऐन २०६३ तथा विद्यमान ऐन कानून र अन्य नियमनकारी निकायहरुको निर्देशनको पालना गरी संस्थागत सुशासनको निरन्तर परिपालनाका लागि सञ्चालक समितिले प्रवन्धपत्र, नियमावली, कर्मचारी सेवा विनियमावली, आर्थिक प्रशासन विनियमावली, वचत तथा कर्जा निर्देशिका, कर्जा अपलेखन विनियमावली, समुह केन्द्र व्यवस्थापन तथा प्रवेश पुर्व तालिम संचालन निर्देशिका लगायत अन्य आवश्यक नीति निर्देशिकाहरु तयार गरी लागू गरिएको छ।

ख) संस्थाले आफ्नो कारोवार तथा आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी वनाउन सञ्चालक तथा व्यवस्थापन तहमा लेखापरीक्षण समिति, कर्मचारी सेवा सुविधा समिति, जोखिम व्यवस्थापन समिति, सम्पत्ति शुद्धीकरण अनुगमन समिति, आर्थिक निर्देशन समिति लगायतका विभिन्न समिति एवं उपसमितिहरु गठन गरी संस्थागत सुशासन सम्वन्धी व्यवस्था पालना गरेको छ।

**७. सत्य, तथ्यता सम्बन्धमा प्रमुख कार्यकारी अधिकृतको उद्घोषण :**

आजको मितिसम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरुको शुद्धता सम्वन्धमा म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु। साथै म यो उद्घोष गर्दछु की मैले जाने बुझे सम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य, तथ्य र पुर्ण छन्। लगानीकर्ताहरुलाई सु-सूचित निर्णय लिन आवश्यक कुनै विवरण वा सूचना तथा जानकारीहरु लुकाईएको छैन।